आज मिति २०७९ साल जेष्ठ २८ गते विहान ११ बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री सन्दीप सापकोटा वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री गणेश वहादुर क्षेत्री वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री प्रकाशचन्द्र अधिकारी वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री वेधविना तिवारी वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री विमला गुरुङ्ग वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री फणेन्द्र चौधरी वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री उमाशंकर चौधरी वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री सन्त वहादुर गाहा वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री रुद्र बहादुर आले वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्री भीमकाजी गुरु वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री मञ्जु चालिसे शर्मा | सदस्य |
| २०. | रिता | श्री रिता कुमारी सुनार | सदस्य |
| २१. | | श्री रिता ढंगाना | सदस्य |
| २२. | Sumitra. | श्री सुमित्रा ढकाल | सदस्य |
| २३. | जानकी | श्री जानकी न्यौपाने | सदस्य |
| २४. | | श्री गोविन्द विश्वकर्मा | सदस्य |
| २५. | | श्री प्रेम वहादुर भुजेल | सदस्य |
| २६ | बुद्धेराम | श्री बुद्देराम वि.क. | सदस्य |
| २७ | | श्री मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| ३०. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |

३२. श्री भरत लम्साल — पशुपंछी विकास शाखा

३३. श्री कृष्णहरि पौडेल — स्वास्थ्य शाखा

३४. श्री हुम प्रसाद पाण्डे — " "

३५. श्री पिताम्बर खापडेरा — क. न. प्र.

प्रस्तावहरु :-

(१) आगामी आ.व. ०७९।८० को बजेट सिलिङ्ग, योजना तजुमाका आधार तथा प्राथमिकता निर्धारण सम्बन्धमा
(२) विज्ञापन कर, कवाडी कर, बसपार्क तथा हाटबजार ठेक्का लगाउने सम्बन्धमा
(३) बर्दघाट नगरपालिकाको मध्यकालिन खर्च संरचना, २०७८
(४) बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९
(५) बर्दघाट नगरपालिकाको विषयगत समितिको कार्य सञ्चालन कार्यविधि, २०७९
(६) बर्दघाट नगरपालिकाको न्यावसाय कर सम्बन्धी कार्यविधि, २०७९
(७) बर्दघाट नगरपालिकाको घर वहाल कर व्यवस्थापन कार्यविधि, २०७९
(८) बर्दघाट नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
(९) बर्दघाट नगरपालिकाको सामाजिक समावेशिकरण नीति २०७९
(१०) बर्दघाट नगरपालिकाको एक विद्यालय एक उद्यम कार्यविधि, २०७९
(११) बर्दघाट नगरपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा
(१२) विविध

निर्णयहरूः

निर्णय नं. १

नि.नं १.१

प्रस्ताव नं १ माथी छलफल गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० मा बार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा मिति ०७९/२/२७ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकबाट भएको सिफारिस समेतको आधारमा देहायअनुसारको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना प्रथमिकिकरणका आधार, नगरस्तरिय, वडागत तथा विषयगत शाखाको बजेट सिलिङ्ग पारित गर्ने निर्णय गरियो ।

## आय व्ययको प्रक्षेपण

आ.व.

| क्र स. | शिर्षक | आ.व. ०७७/७८ को यथार्थ | आ.व. ०७८/०७९ को संसोधित अनुमान | आ.व. ०७९/८० को अनुमान |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | | | |
| १.१ | सम्पत्ति कर | ४,९५५,४५५.०० | ३,७५६,४८६.४० | ४,०००,०००.०० |
| १.२ | भूमि कर | ५,०५२,९७४.५० | ४,८१८,२३६.८० | ५,०००,०००.०० |
| १.३ | घर जग्गा वहाल कर | ४,७५३,३६६.४८ | ३,४०८,५५४.७५ | ७,१००,०००.०० |
| १.४ | न्यावसाय कर | २,३८३,०८०.०० | २,८२९,९३८.४० | ७,१००,०००.०० |
| १.५ | वहाल विरौटी शुल्क | ४,३३४,२०३.०० | ६,६३२,८७९.०० | १०,०००,०००.०० |
| १.६ | पार्किङ्ग शुल्क (वसपार्क) | २५६,९२०.०० | ८९६,०००.०० | १,०००,०००.०० |
| १.७ | जडिवुटी, कवाडी र जीवजन्तु कर | २५८,५५८.०० | - | ४००,०००.०० |
| १.८ | सिफारिस दस्तुर | १०,३४३,२१८.२५ | १४,०३५,४३२.०० | १५,०००,०००.०० |
| १.९ | नक्सा पास दस्तुर | १,७४०,८३६.१० | १०,५००,०००.०० | २,५००,०००.०० |
| १.१० | अन्य दस्तुर | ७५५,४६६.०० | ७०७,६४८.०० | १,०००,०००.०० |
| १.११ | अन्य राजश्व | १३,६९२.०० | १८,३४९.०० | ४०,०००.०० |
| १.१२ | अन्य सेवा शुल्क | ११,५१०.०० | ६९,८४४.०० | १००,०००.०० |
| १.१३ | निवेदन दूस्तुर | २१६,४६२.०० | २८७,६६१.०० | ३००,०००.०० |
| १.१४ | प्रशासनिक दण्ड जरिवाना जफत | ९६१,१६४.०० | ९४३,९१०.६० | १,०००,०००.०० |
| १.१५ | वेरूजु | १८७,२७४.०० | १००,०००.०० | २००,०००.०० |
| १.१६ | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | | ७५६,७३२.०० | ८५०,०००.०० |
| १.१७ | साना सवारी कर | | | ३००,०००.०० |
| १.१८ | न्यायीक दस्तुर | ७,२८०.०० | ४,५७२.०० | १०,०००.०० |
| १.१९ | नाता प्रमाणित दूस्तुर | ५८,६७०.०० | ३०,४२०.०० | १००,०००.०० |
| क | जम्मा | ३६,२९०,१२९.३३ | ४९,७९६,६६३.९५ | ५६,०००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २ | राजश्व बाँडफाँड | | | |
| २.१ | मूल्य अभिवृद्धि कर, अन्त शुल्क र प्राकेतिक श्रोतको रोयल्टी | ११२,४७०,६६०.०० | १२०,०००,०००.०० | १३७,९००,०००.०० |
| २.२ | विज्ञापन कर | २८१,०००.०० | - | ४००,०००.०० |
| २.३ | नदिजन्य पदार्थ | ७,९१७,०००.०० | ५,७००,०००.०० | ४,०००,०००.०० |
| २.४ | घर जग्गा रजिष्ट्रेशन र सवारी साधन कर | ५७,५११,९५२.८९ | ४६,२३८,६३४.०० | ४६,३००,०००.०० |
| ख | जम्मा | १७८,१८०,६१२.८९ | १७१,९३८,६३४.०० | १८८,६००,०००.०० |
| ग | अन्य आय लागत सहभागिता | | | १०,०००,०००.०० |
| | गत वर्षको मौज्जात | १९३,५७४,५८८.८७ | ९९,४९१,५३५.७८ | ५०,०००,०००.०० |
| क+ख+ग | जम्मा | ४०८,०४५,३३१.०९ | ३२१,२२६,८३३.७३ | ३०४,६००,०००.०० |
| ३ | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | |
| ३.१ | नेपाल सरकार बाट प्राप्त हुने अनुदान | | | |
| ३.१.१ | वित्तिय समानीकरण अनदुान | १६८,६००,०००.०० | १८१,५००,०००.०० | १९१,८००,०००.०० |
| ३.१.२ | शर्शत अनुदान | ३३५,८९१,५००.०० | ३३५,०७५,०००.०० | ३०४,६००,०००.०० |
| ३.१.३ | समपुरक अनुदान | ८,४९०,९९८.०० | १९,०००,०००.०० | १५,०००,०००.०० |
| ३.१.४ | विशेष अनुदान | - | - | २०,०००,०००.०० |
| घ | जम्मा | ५१२,९८२,४९८.०० | ५३५,५७५,०००.०० | ५३१,४००,०००.०० |
| ३.२.१ | प्रदेश सरकार बाट प्राप्त हुने अनुदान | | | |
| ३.२.२ | वित्तिय समानीकरण अनदुान | ५,८८०,०००.०० | ८,६६६,०००.०० | १०,८४२,०००.०० |
| ३.२.३ | शर्शत अनुदान | १५,६७९,०००.०० | ११,५४४,०००.०० | १५,०००,०००.०० |
| ३.२.४ | समपुरक अनुदान | १९,४५७,०००.०० | २०,०००,०००.०० | २०,०००,०००.०० |
| ३.२.५ | विशेष अनुदान | ४,७५०,०००.०० | ७,०००,०००.०० | ७,०००,०००.०० |
| ङ | जम्मा | ४५,७६६,०००.०० | ४७,२१०,०००.०० | ५२,८४२,०००.०० |
| ग+घ+ङ | कूल जम्मा | ९६६,७९३,८२९.०९ | ९०४,०११,८३३.७३ | ८८८,८४२,०००.०० |

**बर्दघाट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बर्दघाट, नवलपरासी**

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजित रकम

| क्र.स. | अनुदान सख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | **नगरकार्यपालिका** | | | |
| १.१ | | सञ्चालन खर्च( न.पा.र वडा समेत) | १४५००००००।० | १००००००००।० | १५५००००००।० |
| १.२ | | अधुरा योजनाको भूक्तानी | | ०।० | ०।० |
| १.३ | | समपुरक /लागत साझेदारी | ०।० | ६००००००००।० | ६००००००००।० |
| १.४ | | कन्टीन्जेन्सी खर्च | २५०००००।० | २५०००००।० | ५००००००।० |
| १.५ | | केन्द्र विषेश | ०।० | २००००००००।० | २००००००००।० |
| १.६ | | केन्द्र समपुरक | ०।० | १५०००००००।० | १५०००००००।० |
| १.७ | | प्रदेश समपुरक | ०।० | २००००००००।० | २००००००००।० |
| १.८ | | प्रदेश विषेश | | ७००००००।० | ७००००००।० |
| १.९ | | प्रदेश ससर्त | ०।० | १५०००००००।० | १५०००००००।० |
| १.१० | | मर्मत सम्भार कोष | ०।० | १००००००००।० | १००००००००।० |
| १.११ | | विपद व्यवस्थापन कोष | ०।० | १००००००००।० | १००००००००।० |
| १.१२ | | जनताको लागत सहभागिता | ०।० | १००००००००।० | १००००००००।० |
| १.१३ | | लागत सहभागितामा सञ्चालित योजना (कार्यालय) | ०।० | १००००००००।० | १००००००००।० |
| १.१४ | | नगरका गौरबका योजना | ७२४२०००।० | ४००००००००।० | ४७२४२०००।० |
| | | **क जम्मा** | १५४७४२०००।० | २२९५००००००।० | ३८४२४२०००।० |
| २ | | **वडा समिति (ख जम्मा)** | २००००००००।० | ८००००००००।० | १००००००००।० |
| ३ | | **विषयगत शाखा** | | | ०।० |
| ३.१ | | विषयगत शाखा ससर्त | २७३९००००००।० | ३०७००००००।० | ३०४६००००००।० |
| ३.२ | | विषयगत शाखा निशर्त | ६५०००००००।० | ३५०००००००।० | १०००००००००।० |
| ३.२.१ | | कृषि शाखा | ०।० | २००००००००।० | २००००००००।० |
| ३.२.२ | | पशुपंक्षी शाखा | ०।० | १५०००००००।० | १५०००००००।० |
| ३.२.३ | | महिला शाखा | ५००००००।० | | ५००००००।० |
| ३.२.४ | | शिक्षा यूवा तथा खेलकुद शाखा | २५०००००००।० | ०।० | २५०००००००।० |
| | | स्वास्थ्य शाखा | ३५०००००००।० | ०।० | ३५०००००००।० |
| ४ | | **ग जम्मा** | ३३८९००००००।० | ६५७००००००।० | ४०४६००००००।० |
| ५ | | **कूल जम्मा** | ५१३६४२०००।० | ३७५२००००००।० | ८८८८४२०००।० |

## बर्दघाट नगरपालिकाको आ.व. ०७९।८०को बजेट रकम

| क्र.स) | नगरपालिकाको अनुदान रकम | जम्मा रकम | विनियोजन तर्फ | |
|---|---|---|---|---|
| | | | चालु | पूजीगत |
| | आन्तरिक आय | | | |
| १ | गतको अ.ल्या | ५०००००००।० | ३०००००००।० | २०००००००।० |
| २ | लागत सहभागिता (स्थानीय उपभोक्ता ) | १०००००००।० | ०।० | १०००००००।० |
| ३ | राजश्व बाँडफाड | ४४०००००।० | ४४०००००।० | ०।० |
| ४ | आन्तरीक श्रोत तर्फ | ५६००००००।० | ५६००००००।० | ०।० |
| | **क जम्मा** | १२०४०००००।० | ९०४०००००।० | ३०००००००।० |
| | **नेपाल सरकारबाट प्राप्त अनुदान** | | ०।० | |
| १ | राजश्व बाँडफाड | १३७९०००००।० | १२७९०००००।० | १०००००००।० |
| २ | वित्तिय समानीकरण अनुदान | १९१८०००००।० | ०।० | १९१८०००००।० |
| ३ | सशर्त अनुदान | ३०४६०००००।० | २७३९०००००।० | ३०७०००००।० |
| ४ | विशेष अनुदान | २०००००००।० | ०।० | २०००००००।० |
| ५ | समपुरक अनुदान | १५००००००।० | ०।० | १५००००००।० |
| | **ख जम्मा** | ६६९३०००००।० | ४०१८०००००।० | २६७५०००००।० |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ०।० | |
| १ | वित्तीय समानीकरण अनुदान | १०८४२०००।० | ०।० | १०८४२०००।० |
| २ | सशर्त अनुदान | १५००००००।० | ०।० | १५००००००।० |
| ३ | विषेश अनुदान | ७००००००।० | ०।० | ७००००००।० |
| ४ | समपरक अनुदान | २०००००००।० | ०।० | २०००००००।० |
| ५ | राजश्व बाँडफाड | ४६३०००००।० | २१४४२०००।० | २४८५८०००।० |
| | **ग जम्मा** | ९९१४२०००।० | २१४४२०००।० | ७७७०००००।० |
| | कूल जम्मा रकम | ८८८८४२०००।० | ५१३६४२०००।० | ३७५२०००००।० |

सामाजिक सुरक्षा लगायतका अन्तरसरकारी अख्तियारीबाट प्राप्त हुने रकम समावेश नगरिएको र नगरसभाबाट बजेट पारित गर्ने समय सम्म अधुरा रहने योजनाको एकिन गरी गत वर्षको अल्यामार्फत बजेट सुनिश्चित गर्ने

बर्दघाट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

सञ्चित कोषबाट विनियोजित रकमबाट वडा समितिलाइ दिइएको बजेट सिलिङ्ग

आ.व. २०७९।०८०

| वडा नं | जनसंख्या (३० | विकास आवश्यकता २५ | राजश्वको योगदान( | भुगोल( २५ | अंक भार अनुपात | समानिकरण | सुत्रगत वितरण | जम्मा रकम | आर्थिक विकास( २५ | सामाजिक विकास(२५ | पुर्वाधार विकास( ४० | वातावरण तथा विपद् व्यवस्थापन ( ५ | सुशासन तथा संस्थागत विकास - (५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १।२२ | १।२० | १।१९ | ०।९२ | ४।५३ | २५०००००।० | २७१८००००।० | ५२१८००००।० | १३०४५००।० | १३०४५००।० | २०८७२००।० | २६०९००।० | २६०९००।० |
| २ | २।८६ | २।१० | १।३८ | २।८४ | ९।१८ | २५०००००।० | ५५०८००००।० | ८००८००००।० | २००२००००।० | २००२००००।० | ३२०३२००।० | ४००४००।० | ४००४००।० |
| ३ | ०।५१ | १।२० | ०।३६ | ०।६९ | २।७६ | २५०००००।० | १६५६००००।० | ४१५६००००।० | १०३९०००।० | १०३९०००।० | १६६२४००।० | २०७८००।० | २०७८००।० |
| ४ | ४।५८ | ३।२० | ३।५९ | १।३० | १२।६७ | २५०००००।० | ७६०२००००।० | १०१०२००००।० | २५२५५००।० | २५२५५००।० | ४०४०८००।० | ५०५१००।० | ५०५१००।० |
| ५ | १।७६ | १।९५ | १।४७ | १।५७ | ६।७५ | २५०००००।० | ४०५०००००।० | ६५५०००००।० | १६३७५००।० | १६३७५००।० | २६२००००।० | ३२७५००।० | ३२७५००।० |
| ६ | ०।५९ | १।२० | ०।७३ | ०।६९ | ३।२१ | २५०००००।० | १९२६००००।० | ४४२६००००।० | ११०६५००।० | ११०६५००।० | १७७०४००।० | २२१३००।० | २२१३००।० |
| ७ | ०।९३ | १।३० | ०।६४ | ०।६८ | ३।५५ | २५०००००।० | २१३०००००।० | ४६३०००००।० | ११५७५००।० | ११५७५००।० | १८५२००००।० | २३१५००।० | २३१५००।० |
| ८ | ०।६१ | १।१० | ०।३६ | ०।६२ | २।६९ | २५०००००।० | १६१४००००।० | ४११४००००।० | १०२८५००।० | १०२८५००।० | १६४५६००।० | २०५७००।० | २०५७००।० |
| ९ | १।३७ | २।०४ | ०।३७ | ०।३४ | ४।१२ | २५०००००।० | २४७२००००।० | ४९७२००००।० | १२४३०००।० | १२४३०००।० | १९८८८००।० | २४८६००।० | २४८६००।० |
| १० | १।८२ | १।४६ | १।२९ | १।१७ | ५।७४ | २५०००००।० | ३४४४००००।० | ५९४४००००।० | १४८६०००।० | १४८६०००।० | २३७७६००।० | २९७२००।० | २९७२००।० |
| ११ | १।७७ | १।३० | १।४७ | २।०२ | ६।५६ | २५०००००।० | ३९३६००००।० | ६४३६००००।० | १६०९०००।० | १६०९०००।० | २५७४४००।० | ३२१८००।० | ३२१८००।० |
| १२ | २।१९ | १।३० | १।५३ | २।४२ | ७।४४ | २५०००००।० | ४४६४००००।० | ६९६४००००।० | १७४१०००।० | १७४१०००।० | २७८५६००।० | ३४८२००।० | ३४८२००।० |
| १३ | २।९६ | १।३० | १।८० | ३।५४ | ९।६० | २५०००००।० | ५७६०००००।० | ८२६०००००।० | २०६५०००।० | २०६५०००।० | ३३०४०००।० | ४१३०००।० | ४१३०००।० |
| १४ | २।२७ | १।६५ | १।५६ | २।५९ | ८।०७ | २५०००००।० | ४८४२००००।० | ७३४२००००।० | १८३५५००।० | १८३५५००।० | २९३६८००।० | ३६७१००।० | ३६७१००।० |
| १५ | २।१८ | १।३० | १।०१ | १।६२ | ६।११ | २५०००००।० | ३६६६००००।० | ६१६६००००।० | १५४१५००।० | १५४१५००।० | २४६६४००।० | ३०८३००।० | ३०८३००।० |
| १६ | २।३८ | १।४० | १।२५ | १।९९ | ७।०२ | २५०००००।० | ४२१२००००।० | ६७१२००००।० | १६७८०००।० | १६७८०००।० | २६८४८००।० | ३३५६००।० | ३३५६००।० |
|  | ३० | २५ | २० | २५ | १०० | ४०००००००।० | ६०००००००।० | १०००००००००।० | २५००००००।० | २५००००००।० | ४०००००००।० | ५०००००००।० | ५०००००००।० |

आयोजना प्राथमिकिकरणका आधारहरूः

- योजना तर्जुमा गर्ने सन्दर्भमा सँघिय सरकार तथा प्रदेश सरकार बाट प्राप्त मार्ग निर्देशनहरू
- चालु आ.व.का अधुरा आयोजनाहरू
- बर्दघाट नगरपालिकाको ५ वर्षे आवधिक योजना र मध्यकालिन संरचनमा उल्लेखित योजनाहरू
- श्रममुलक प्रविधिमा आधारित, उत्पादनमूलक र स्थानीय स्तरमा रोजगारी र आम्दानी अभिवृद्धि गर्न सहयोग पुर्‍याउने योजनाहरू
- कोभिड -१९ को कारणबाट शिथिल हुन पुगेको स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने प्रकृतिका आवश्यक योजनाहरू
- स्थानीय श्रोत, साधन, सीपको अधिकतम प्रयोगबाट छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरू
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने योजनाहरू
- स्थानीय मजदुर, कृषक, महिला, सिमान्तीकृत वर्ग र पिछडिएको क्षेत्रलाई फाइदा पुग्ने योजनाहरू
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन र विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरू

योजना तर्जुमा गर्ने सन्दर्भमा  ध्यान दिनुपर्ने विषयहरू

क) योजना तर्जुमा प्रक्रिया सम्बन्धीः

- योजना तर्जुमा विधि र प्रक्रिया अनुरूप वडा सदस्यहरूको अगुवाईमा गाँउ-टोल भेलाको आयोजना गर्ने, भेलाबाट छनौट भएका योजनाको सूचि संयोजकले वडा समितिमा पेश गर्ने, वडा समितिबाट बजेट सिमा र मार्गदर्शनको अधिनमा रही योजना प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश गर्ने, बस्ती तथा टोलबाट योजना माग गर्दा वडा स्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिले बजेट सिमा भित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सिमा भित्र कार्यान्वयन हुन नसक्ने नगर स्तरिय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले नगर पालिकामा छुट्टै सूचि पेश गर्न सक्नेछ ।
- भेलामा नागरिकको अत्याधिक सहभागिता गराउने विधिहरू अवलम्बन गर्ने र सोको  व्यवस्था मिलाउने । यसका लागि टोल विकास संस्था, टोलमा क्रियाशिल सामुदायिक संस्था, आमा समूह, वाल सन्जाल, यूवा क्लव र अन्य यस्तै प्रकृतिका सामुदायिक संस्थाहरू परिचालन गर्ने, सञ्चार र सूचना प्रविधिको समेत अत्याधिक उपयोग गर्न सकिने ।
- प्रत्येक वडाले वडा भित्रका वस्तीहरूमा योजना तर्जुमाको लागि वैठक हुने दिन, मिति र समय सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।
- बस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समूदायका महिला, दलित,जनजाती, मधेशी, थारू, मुश्लिम, उत्पीडित वर्गा, पिछडा वर्ग,अल्पसंख्यक, सिमान्तकृत, यूवा, वालवालिका, जेष्ठ नागरिक, अपाँगता भएका व्यक्ति पिछडिएका बर्ग आदिको प्रतितिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(ख) पूर्वाधार विकास क्षेत्रसँग सम्बन्धी (सडक, पुल, भवन, विद्युत, सिंचाई आदी)

- वडा कार्यालय, स्थानीय स्वास्थ्य संस्था, विद्यालय, कृषि सेवा केन्द्र, साप्ताहिक हाटबजार संग जोडिएका सडकलाई स्तरोन्नती  गर्न प्राथमिकता दिने
- पूर्वाधार विकासका योजनामा २ लाख भन्दा कम बजेटका योजना छनौट नगर्ने
- सडक निर्माण गर्दा भू-उपयोग नीति मार्फत जमिनको वर्गिकरण गरी आवास क्षेत्रको रूपमा पहिचान भएका क्षेत्रका सडक तथा नक्सा अनुसारको सडक र ६ मी. भन्दा वढी चौडाईको सडकमा मात्र बजेट विनियोजन गर्ने दीर्घकालिन  नीति लाई समेत ध्यान दिने

- नापी नक्सामा भएका कूलो, राजकूलो, खोल्सा, खोला, पोखरी इत्यादी सार्वजनिक स्थल जनाइएका स्थानबाट बाटो निर्माण गर्न बजेटको व्यवस्था नगर्ने
- भवन निर्माण सम्बन्धी योजना छनौट गर्दा निर्माण हुन बाँकी वडा कार्यालय भवन, स्वास्थ्य संस्था, कृषि सेवा केन्द्र, तरकारी संकलन केन्द्र, मन्दिर, मश्जित, चर्च, गुम्बा र सबै प्रकारका अधुरा सार्वजनिक तथा सामुदायिक भवनहरूलाई प्राथमिकता दिने ।
- एउटै वडामा २/३ वटा भन्दा वढी सामुदायिक भवनमा लगानी नगर्ने
- राष्ट्रिय प्रशारण लाइन पुऱ्याउन कठिन हुने देखिएका क्षेत्रका सबै घरमा वैकल्पिक सोलार प्रविधि मार्फत विजुली वत्ति वाल्ने व्यवस्थाको लागि बजेट विनियोजन गर्ने

(ग) सामाजिक क्षेत्रसँग सम्बन्धी (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र अन्य)

- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन चिसापानी अस्पताल तथा सबै वडा स्तरमा रहेका स्थानीय स्वास्थ्य संस्था तथा खोप केन्द्रहरुमा पूर्वाधार, औषधी, स्वास्थ्य उपकरणहरू व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गर्ने
- जनस्वास्थ्य सँग सम्बन्धित सेवा प्रभावकारी बनाउन महिला स्वयम सेविका परिचालनको लागि बजेट व्यवस्था गर्ने
- सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्दि गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक तथा खेलकुदका सामाग्री, प्रयोगशाला, शुद्द खानेपानी, छात्र-छात्राको लागी अलग अलग शौचालय, सरसफाई, इन्टरनेट, कम्प्युटर, पुराना भवन मर्मत तथा रंग रोगन, शिक्षकको लागि अनुदान आदिको व्यवस्थाको लागि रकम विनियोजन गर्ने
- नगरमा क्रियाशिल आमा समूह, सामुदायिक बन, यूवा क्लव, स्थानीय टोल विकास संस्था लगायतका संघ संस्था र गैह्रसरकारी संस्थाहरुलाई सार्वजनिक सम्पत्तिको संरक्षण, नगरको आन्तरिक श्रोत प्रवर्द्धन, फोहर व्यवस्थापन तथा सामाजिक सुधारको क्षेत्रमा अधिकतम परिचालन गरी नगरवासीले अधिकतम लाभ पाउने वातावरण बनाउने प्रकृतिका विभिन्न कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने

घ) आर्थिक विकास सम्बन्धी (कृषि, पशुसेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)

- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्मनिर्भरता तथा उद्यमशिलताको प्रवर्द्धन गर्न आवश्यक मल, विउ, किटनाशक औषधी, उत्पादिन वस्तुको भण्डारण, प्रशोधन र बजार व्यवस्था, सिँचाई सुविधा मिलाउनको लागि बजेट व्यवस्था गर्ने
- किसानको लागत मूल्यको प्राप्तीको सुनिश्चितताको लागि पशुविमा कार्यक्रमलाई प्रोत्साहित गर्न कार्यक्रमगत बजेटको व्यवस्था गर्ने
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादिन वस्तुहरूको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
- कृषिको व्यावसायीकरण, कृषि यन्त्रीकरण तथा आधुनिकीकरण गरी मल, विउको सहज आपूर्ति र धान, गहुँ, मकै जस्ता मुख्य खाद्यान्न बालीका विउ खरिदमा कृषि सहकारी संगको समन्वयमा कार्य गर्ने गरी आवस्यक बजेट व्यवस्था मिलाउने
- उन्नत जातका वहुवर्षिय तथा डाले घाँस उत्पादन गरि हरियो घाँसमा आधारीत पशु पालनलाइ प्रोत्साहन गर्ने, दुधमा अनुदान दिने प्रकृतिका योजनाहरूमा बजेट विनियोजन गर्ने

- आर्थिक विकास र गरिवी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशिलता, उत्पादन र रोजगारी प्रवर्द्धनको क्षेत्रमा परिचालन गर्ने क्षत्रमा बजेट विनियोजन गर्ने

ङ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धीः

- नदी, खोला, खोल्सा र खहरेबाट कटान डुवान भई क्षतिग्रस्त हुन पुगेका जमिन तथा जोखिममा परेका क्षेत्रहरूको संरक्षण गर्न र बस्ती भित्र पानी पस्ने समस्याको सामाधान गर्न ढल तथा नाला व्यवस्थापन, खोला सफाई गरी पानीको निकाशको समूचित प्रवन्ध गर्ने प्रकृतिका योजनाहरूमा बजेट विनियोजन गर्ने
- विकास निर्माण तथा पूर्वाधार आयोजनाहरु कार्यान्वयन गर्दा नम्वरी कूलो, खोला, खोल्सा इत्यादी पानी निकाश हुने परम्परागत स्थानको संरक्षण तर्फ उचीत ध्यान दिने साथै आवश्यक स्थानमा ह्यूम पाइप, कल्भर्ट, पुल, पुलेसाको संरचना निर्माण गरी पानीको प्राकृतिक वहावलाई नरोक्ने गरी संरचना निर्माण गरी उचीत पानी निकासको प्रवन्ध गर्ने तर्फ ध्यान दिने
- विपद्का कारणबाट पूर्वाधार विकासका योजनाहरूमा ठूलो क्षेति हुनबाट रोक्न विगतमा निर्माण सम्पन्न भै क्षतिग्रस्त भएका पुल, कल्भर्ट, ग्याविन, Cross Drainage Structure जस्ता संरचनाको आपताकालिन मर्मत सम्हारका लागि पहिलो प्राथमिकता दिई बजेटको व्यवस्था गर्ने ।
- वृक्षारोपण, तटबन्ध तथा अन्य तरिकाबाट भूक्षय नियन्त्रण गरी कृषि योग्य जमिन र बसोवास क्षेत्रको संरक्षण गर्न बजेट विनियोजन गर्ने ।
- पार्क, बगैंचा, वृक्षारोपण, सिमसार प्रवर्द्धन, पर्या पर्यटन, वधेल, कालिज जस्ता वन्यजन्तु संरक्षण, पिकनिक स्पोर्ट, हरियाली प्रवर्द्धन र सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रमहरू स्थानीय समूदाय र सामुदायिक बनको संलग्नतामा संचालन गर्न स्थानीय स्तरमा आवश्यक समन्वय गर्ने पुरानो सार्वजनिक पोखरीहरूको उचित व्यवस्थापन गर्दै पोखरीहरूमा सामुहिक माछापालन कार्यक्रम प्रवर्द्धन गर्न, एक घर एक रूख र एक गाँउ एक पोखरी निर्माण अभियानलाई सहयोग पुग्ने क्षेत्रहरूमा बजेट विनियोजन गर्ने ।

च) सुशासन तथा संस्थागत विकास सम्बन्धीः

- नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाबाट प्रवाह हुने सेवा प्रवाह तथा सामुदायिक विद्यालयको पठनपाठनलाई थप प्रभावकारी बनाउन E– हाजिरी जडान तथा विभिन्न सफ्टवेयर प्रविधिको प्रयोग गरी सकेसम्म सूचना प्रविधि मैत्री बनाउनको लागि आवश्यक बजेट व्यवस्था गर्ने ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरू कटौती गर्ने

निर्णय नं २ः

आर्थिक ऐन, २०७८ को दफा (९) अनुसूचि –९ मा तोकिए बमोजिम नगरका विभिन्न हाटबजार हरूबाट वैठकी कर, दफा (१०) अनुसूचि –१० बमोजिमको वर्दघाट वसपार्क क्षेत्रबाट पार्किङ्ग शुल्क, दफा (६) अनुसूचि –५ बमोजिमको जडीवुटी, कवाडी र जीवजन्तु कर र दफा (८) अनुसूचि –७ मा तोकिए बमोजिम विज्ञापन कर (२ आ.व.को लागि) असुल उपर गर्ने सन्दर्भमा गत आ.व.हरूमा ठेक्का प्रक्रियाबाट कर असुल उपर गर्ने गरी सम्बन्धीत व्यावसायी संग भएको सम्झौता तथा दाखिला गरेको रकम र मिति ०७९।२।२५ को राजश्व परामर्श समितिको वैठकको सिफारिसको समेतको आधारमा देहाय अनुसारका आय श्रोत शिर्षकहरूमा तपसिल बमोजिमको न्युनतम कवोल अंक कायमा गरी विद्युतिय वोलपत्र मार्फत ठेक्का प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

# तपसिलः

| क्र.स | आय ठेक्का शिर्षक तथा साप्ताहिक हाटवजारको नाम | गत भन्दा अघिल्लो आ.व.मा कवोल गरेको रकम | गत आ.व.को ९ महिनाको लागि कवोल गरेको रकम रु भ्याट समेत | गत आ.व.को १ महिनाको लागि कवोल गरेको रकम रु भ्याट समेत (अनुपातिक) | आगामी आ.व.को लागि कायम गर्नुपर्ने न्युनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-९, भुताहा | ५८५०००, | ६२१५०० | ६९०५५।५५६ | ७,५८,०००।०० | |
| २ | शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट | १०५१००१ | | ० | ७,५०,०००।०० | वाढिपिडितमा समेत बजार सन्चालन |
| ३ | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, | ४५०००० | ५०३५०० | ५५९४४।४४४ | ६,७०,०००।०० | |
| ४ | वुधवारे हाटवजार चिसापानी, बर्दघाट, २ | ४२५००० | ० | ० | ४२५,०००।०० | |
| ५ | सोमवारे हाटवजार माकर, १ | २२५१०० | २४२००० | २६८८८।८८९ | ३२२,०००।०० | |
| ६ | आइतवारे हाटवजार , वर्दघाट, १४ | २५०००० | १२५००० | १३८८८।८८९ | १,६६,०००।०० | |
| ७ | सनिवारे हाटवजार बर्दघाट, १४ | २३०००० | २३९५६० | २६६१७७७८ | ३,१९,०००।०० | |
| ८ | मंगलवारे पाडा पाडाबजार बर्दघाट १३ | | ४४६७२१८ | ४९६३५७५६ | ५९,००,०००।०० | |
| ९ | मंगलवारे हाटजार, वडा नं ५ सेन्टरप्लट | | | | २,५०,०००।०० | नयाँ |
| १० | विहिवारे हाटबजार बर्दघाट वडा नं ४ वाढीपिडित | | | | २,५०,०००।०० | नयाँ |
| ११ | कवाडी कर | | ३५०,३००।०० | ५८,३८३।०० | ४६७,०००।०० | गत आ.व.मा ६ महिनाको लागि ठेक्का गएको |
| १२ | विज्ञापन कर (२ आ.व.को लागि) | ६२५००० | | | ६२५,०००।०० | विगत आ.व.मा २ वर्षको लागि ठेक्का गएको |
| १३ | वसपमर्क पाकिङ्ग शुल्क वडा नं ४ | | ८०१००० | १००१२५ | १,२००,०००।०० | गत आ.व.मा ८ महिनाको लागि ठेक्का गएको |

निर्णय नं ३ः

बर्दघाट नगरपालिकाको मध्यकालिन खर्च संरचना २०७८ स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४ः

बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो

निर्णय नं ५ः

बर्दघाट नगरपालिकाको विषयगत समितिको कार्य सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६ः

बर्दघाट नगरपालिकाको ब्यावसाय कर सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७ः

बर्दघाट नगरपालिकाको घर वहाल कर ब्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ८ः

बर्दघाट नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९ः

बर्दघाट नगरपालिकाको सामाजिक समावेशिकरण नीति २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १०ः

बर्दघाट नगरपालिकाको एक विद्यालय एक उद्यम कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ११ः

बर्दघाट नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को दफा (१७) बमोजिम नगरकार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तब्य, विज्ञप्ती आदी सार्वजनिक गर्ने कार्यको लागि प्रवक्ताको रूपमा कार्यपालिका सदस्य श्री सन्त वहादुर गाहा ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं १२ः

प्रत्येक वर्ष ४ वटा वडालाई बजेट तर्जुमामा प्राथमिकता दिने नीति अनुरूप आगामी आर्थिक वर्षको योजना तर्जुमा गर्ने सन्दर्भमा यस नगरपालिका अन्तरगत साविक गाविस क्लष्टर अन्तरगत पर्ने देहायका ४ वटा वडाहरूलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिलः

- साविक पञ्चनगर गाविस क्लष्टरबाट वडा नं ८
- साविक माकर गाविस क्लष्टरबाट वडा नं ५
- साविक दाउन्ने गाविस क्लष्टरबाट वडा नं १६
- साविक जहद्दा गाविस क्लष्टरबाट वडा नं १२